# स्मार्ट वास सोलुसन्स प्रा.लिद्वारा

Smart WASH Solutions
For Better Tomorrow
Kathmandu, 2018

**आयोजित**

# “वास सेक्टर, कोभिड-१९ र स्थानीय तह”

विषयक

**भिडियो कन्फरेन्स**

*(२३ बैशाख-७ जेठ)*

को

# प्रतिवेदन

**जेठ, २०७७**

## विषय सूची


| क.सं. शीर्षक | पृष्ठ नं |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | १ |
| २. भिडियो कन्फरेन्सको उद्देश्य | ४ |
| ३. साझेदार संस्था र कार्यक्रम | ४ |
| ४.प्रस्तावित मिति र कार्यक्रम तालिका | ५ |
| ५.कार्यक्रम र सहभागिता | ६ |
| ६.छलफल एवम् निष्कर्ष | ७ |
| ७. प्रदेशगत छलफल र सुझाव | १० |
| क) प्रदेश नं १ | ११ |
| ख) प्रदेश नं २ | १३ |
| ग) वाग्मती प्रदेश | १६ |
| घ) गण्डकी प्रदेश | १९ |
| ङ.)प्रदेश ५ | २१ |
| च) कर्णाली प्रदेश | २३ |
| छ) सुदूरपश्चिम प्रदेश | २६ |
| **अनुसूची** | |
| **सहभागीहरुको नामावली** | २९ |
| क) प्रदेश १ | २९ |
| ख) प्रदेश २ | ३० |
| ग) वाग्मती प्रदेश | ३१ |
| घ) गण्डकी प्रदेश | ३२ |
| ङ.)प्रदेश ५ | ३३ |
| च) कर्णाली प्रदेश | ३४ |
| छ) सुदूर पश्चिम | ३५ |

## १. कार्यक्रमको पृष्ठभूमि

गत डिसेम्बर महिनामा चीनको हुवेइ प्रान्तको वुहान शहरबाट विस्तार भएको COVID-19 भाइरस (SARS-CoV-2) को संक्रमणले विश्वव्यापी महामारीको रुप लिइरहेको छ । चीनपछि एशिया-प्रशान्त क्षेत्रका केही देशमा देखा परेको यो घातक भाइरसको प्रकोप यूरोप र अमेरिकाका विकसित देशहरुमा अनपेक्षित रुपमा फैलिएर अकल्पनीय मानवीय क्षति निम्त्याइरहेको छ । यसको प्रकोप अहिले दक्षिण अमेरिकी महाद्वीपका देशहरुमा पनि डँडेलो जसरी फैलिरहेको छ। केही समय अगाडिसम्म यसको असर नदेखिएका र सामान्य अवस्थामा रहेका देशहरुमा केही हप्ता र महिनामा नै यो भाइरसले महामारीको रुप लिएको छ। यस तथ्यसंग माननीय मन्त्रीज्यू पूर्ण जानकार रहनुभएको हामीलाई विश्वास छ।

कोरोना भाइरसको रोकथाम,नियन्त्रण र कोरोना संक्रमित विरामीहरुको उपचारको निमित्त हालसम्म कुनै औषधी तथाखोपको विकास भई नसकेको हुनाले विश्वभरि एकाआपसमा भौतिक र सामाजिक दूरी कायम राख्ने, शिष्टाचारयुक्त श्वासप्रश्वासको अभ्यास, मास्कले नाक मुख छोप्ने,केहि पदार्थ छोएपछि साबुन पानीले हात धुने र स्वयं क्वारेन्टाइनको रुपमा घरमै बसेर आफूलाई यस घातक भाइरसको संक्रमणबाट जोगाउने उपाय अबलम्बन गरिंदै आएको छ । यसैले केही महिना यता विश्वका यात्रुवाहक नियमित अन्तराष्ट्रिय हवाई सेवाहरु, यात्रुवाहक पानीजहाजका सेवाहरु,मानव जातीको भ्रमण गर्ने चाहनालाई पूरा गर्ने लामो दूरीका यात्रुवाहक रेल्वे सेवाहरु, यात्रुवाहक सडक यातायात अर्थात बस सेवा रोकिएका छन्। सामाजिक सम्पर्क कम गरेर यस संक्रमणको जोखिम न्यूनीकरण गर्न निजी सवारी साधनहरु सञ्चालनमा पनि रोक लगाइएको छ । हालसम्म उपचार पत्ता लागि नसकेको COVID-19 भाइरसको संक्रमणबाट बच्न विश्वका अधिकांश मुलुकहरुले लकडाउन अर्थात बन्दाबन्दीको उपाय अवलम्बन गरेका छन्।

यस घातक भाइरसबाट देश र जनतालाई जोगाउन नेपाल सरकारले बडो बुद्धिमतापूर्वक गत चैत्र ११ देखि देशभर लक डाउनको घोषणा गर्‍यो । त्यसकारण यस घातक भाइरसको संक्रमणबाट नेपालको मानवीय क्षति न्यून रहन गएको कुरा यहाँ स्मरण गराउन चाहान्छौ ।

विश्व स्वास्थ्य संगठनले घातक COVID-19 भाइरसबाट बच्नको लागि सुझाएका उपायको शीर्षमा भौतिक दुरी कायम गर्ने, श्वासप्रश्वासन स्वच्छता र हातको स्वच्छता रहेका छन् । हात धुने बानी खानेपानी, सरसफाई तथा स्वच्छतासंग संबन्धित छ।

खानेपानी तथा सरसफाई क्षेत्रको यो महत्वपूर्ण भूमिकालाई यसै क्षेत्रमा कार्यरत विज्ञहरु यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुले आत्मसात नगरेसम्म अन्य क्षेत्रले यस क्षेत्रलाई अपेक्षित रुपमा परिचालित गरी अपेक्षित प्रतिफल हासिल गर्न सघाउन नसक्ने यथार्थलाई हृदयंगम गर्दै स्मार्ट वास सोलुसन प्रा.लि.ले कोभिड १९ र वास सेक्टर विषयमा सार्वजनिक बहसको थालनी गर्ने निर्णय गरेको हो ।

खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्रमा हाम्रा मौलिक ज्ञान,सीप र प्रविधिको संरक्षण र विस्तार गर्ने तथा विश्वमा उपलब्ध अत्याधुनिक, किफायती र अधिक जनताको हित हुने तथा हाम्रा लागि उपयुक्त

ज्ञान,सीप र प्रविधि अवलम्बन गरी नेपाली उपभोक्तालाई पर्याप्त र गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउन तथा नेपालभर विश्वस्तरको सरसफाई कायम गर्न सघाउने पवित्र मनसायले यस क्षेत्रमा लामो समय काम गरिसकेका व्यवसायिक व्यक्तिहरुको सामूहिक प्रयासमा स्थापना भएको **स्मार्ट वास सोलुसन्स**ले आवश्यकता देखिएको क्षेत्रमाअपरिहार्य कार्यक्रमहरु सञ्चालन गरी सहयोग पुर्‍याउदै आएको छ ।

## २. भिडियो कन्फरेन्सको उद्देश्य

लकडाउनको समयमा यस क्षेत्रका सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरुको सामुहिक भौतिक उपस्थितिमा आयोजना गरिने गोष्ठी,अन्तरक्रिया र छलफल संभव थिएन तर नेपाल र नेपालीहरुलाई कोभिड १९ भाइरसको संक्रमणबाट बचाउनका लागि पर्याप्त मात्रामा गुणस्तरीय पानी देशभर उपलब्ध गराउनुपर्ने आवश्यकता थियो र छ पनि ।

स्थानीय नागरिकहरुलाई जीवनको लागि अत्यावश्यक मानिएको गुणस्तरीय पानी पर्याप्त रुपमा उपलब्ध गराएर कोरोना भाइरसको संक्रमणबाट जोगाउने यस महत्वपूर्ण कार्यमा स्थानीय जनताको सेवाको निमित्त स्थापना गरिएका स्थानीय सरकारहरुलाई नै ज्ञान,सीप र अनुभवले निपूर्ण तथा सक्षम बनाउने पवित्र उद्देश्यले यो कार्यक्रमको तर्जुमा गरि कार्यान्वयन गरिएको हो ।

स्मार्ट वास सोलुसनले लकडाउन लगत्तै कोरोना भाइरसको रोकथाम र नियन्त्रणमा वास सेक्टरको भूमिकाका सम्बन्धमा आठवटा जुम भिडियो कन्फरेन्स सम्पन्न गरिसकेको थियो । पहिलो चरणका कार्यक्रमहरु अत्यन्त उपयोगसिद्ध भएकोले त्यसबाट प्राप्त ज्ञान, सुझाव र अनुभवहरुलाई देशभर पुऱ्याउन उपयुक्त संझेर **स्मार्ट वास सोलुसन्स प्रा.लि**.ले दोस्रो चरणको कार्यक्रम तय गरेको हो ।

नेपालसंग खुला सीमाना कायम रहेको भारतमा लकडाउन खुकुलो हुने वित्तिकै रोजगारीको खोजीमा भारतमा पुगेका नेपालीहरुको फर्कने र भारतबाहेक तेस्रो देशमा पुगेको नेपालीहरु त्यहाँको अर्थतन्त्रमा परेको कोरोनाप्रभावका कारण रोजगारी गुमेर फर्कन सक्ने संभावनालाई दृष्टिगत गरी स्थानीय तहलाई आ-आफ्नो क्षेत्रमा क्वारेन्टाइन सुव्यवस्थित गर्न, क्वारेन्टाइन र घरायसी उपयोगको निमित्त पनि पर्याप्त स्वच्छ पानी उपलब्ध गराउन अभिप्रेरित गर्न र सरसफाईको स्तर कायम गराउन सचेत गराउने उद्देश्यले **स्मार्ट वास सोलुसन्स**ले देशका सातवटै प्रदेशका नगरपालिकाका जननिर्वाचित प्रतिनिधि तथा कार्यकारी प्रमुखहरु र खानेपानीको उत्पादन र वितरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका खानेपानी उपभोक्ता समितिका प्रतिनिधिहरुसंग जुम भिडियो कन्फरेन्सबाट छलफल गरी ती क्षेत्रको समस्या सुन्ने र एकापसको अनुभवबाट समाधान खोज्ने प्रयत्न गरेको हो ।

## ३. साझेदार संस्थाहरु

स्थानीय तहमा खानेपानी आपूर्ति तथा सरसफाईको सेवा उपलब्ध गराउन सक्रिय स्थानीय सरकार र उपभोक्ता समितिका प्रतिनिधिहरुलाई विश्वमा उपलब्ध ज्ञान,सीप,प्रविधि र अनुभव प्रदान गर्नका लागि

खानेपानी तथा ढल व्यवस्थापन विभागको संस्थागत संलग्नता उपयोगी संझेर स्मार्ट वास सोलुसन्सको कार्य समितिले विभागलाई साझेदार संस्थाको रुपमा सहभागी हुन अनुरोध गर्‍यो भने स्थानीय तहका प्रतिनिधिहरुलाई यस महत्वपूर्ण कार्यमा सरिक गराउन नेपाल नगरपालिका संघलाई अनुरोध गरियो । दुवै संस्थाले स्मार्ट वास सोलुसन्स प्रा.लि.को प्रस्तावलाई  सहर्ष स्वीकार गरी यथाशीघ्र कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुभयो ।

## ४. प्रस्तावित मिति र कार्यक्रम तालिका

स्मार्ट वास सोलुसन्स प्रा.लि.ले कोरोना भाइरसको संक्रमणबाट नेपालीलाई बचाउन सरकारले चैत्र ११ बाट लकडाउन आरम्भ गर्नेवित्तिकै खानेपानी तथा सरसफाई क्षेत्रबाट कोरोना रोक्न पुर्‍याउन सकिने योगदानको बारेमा यस क्षेत्रका विज्ञहरु, यस क्षेत्रमा कार्यरत संस्थाहरु, यस क्षेत्रको अध्ययन र अनुसन्धानमा सक्रिय व्यक्ति र संस्थाहरु, खानेपानी र सरसफाईको प्रविधिको आविश्कार, विकास र विस्तारमा समर्पित वैज्ञानिकहरुका बीचमा सार्थक बहस सञ्चालन गरेको थियो ।

नेपालमा लक डाउन घोषणा गरेको भोलिपल्टै भारतले पनि लकडाउन घोषणा गरेकोले भारतबाट नेपालमा कोरोना भाइरस संक्रमित व्यक्तिहरु आउने संभावना कम देखिएको थियो । तर भारतको नयाँदिल्लीमा आयोजित तबलिगी जमातमा सहभागी भएर लकडाउन पूर्व नै नेपाल आएका व्यक्तिहरुमा कोरोनाको संक्रमण देखिएपछि कोरोनाबाट बच्ने उपाय हरेक स्थानीय तहसम्म पुर्‍याउन पर्ने आवश्यकता महसुस भयो । अधिकाधिक स्थानीय तहका प्रतिनिधिहरु सहभागी गराउने उद्देश्यले बैशाख २५ गतेदेखि मात्रै स्थानीय तह र स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समितिको व्यापक सहभागितामा प्रदेशस्तरीय जुम मिटिङ. आयोजना गर्ने तयारीका साथ पत्राचार,टेलिफोन तथा सञ्चार सम्पर्क कायम गरियो ।

यस अनुसार एकपटकमा एक प्रदेश अन्तरगतका नगरपालिकाका प्रतिनिधि र खानेपानी तथा सरसफाई उपभोक्ता समितिका प्रतिनिधिहरु सहभागी गराउने गरी सात वटा जुम कम्फरेन्सको कार्यक्रम यसप्रकार तर्जुमा गरियो ।

***कार्यक्रम तालिका***

| सि.नं. | प्रदेश | कार्यक्रम मिति | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश नं १ | बैशाख २३  गते दिउँसो १:३० बजे | |
| २ | प्रदेश नं २ | जेठ ९ गते दिउँसो १:३० बजे | |
| ३ | बाग्मती प्रदेश | बैशाख २९ गते दिउँसो १:३० बजे | |
| ४ | गण्डकी प्रदेश | बैशाख ३१  गते दिउँसो १:०० बजे | |
| ५ | प्रदेश ५ | जेठ ४ गते दिउँसो १:३० बजे | |
| ६ | कर्णाली प्रदेश | जेठ ५ गते दिउँसो १:३० बजे | |
| ७ | सुदूरपश्चिम प्रदेश | जेठ ७ गते दिउँसो ३:०० बजे | |

## ५. कार्यक्रम र सहभागिता

लकडाउनको अवधि मै **स्मार्ट वास सोलुसन्स**ले खानेपानी तथा ढल व्यवस्थापन विभाग र नेपाल नगरपालिका संघको सहयोगमा **कोभिड र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्र** (**COVID-19 and WASH Sector**) विषयमा सरोकारवालाहरुसंग आठवटा **जुम भिडियो कन्फरेन्स (Zoom Video Conference)** कार्यक्रम सम्पन्न गरिसकेकोले सो अनुभव स्थानीय तह र खानेपानी तथा सरसफाई उपभोक्ता समितिका प्रतिनिधिहरुसंगको जुम कन्फरेन्समा उपयोग गर्ने अवसर स्मार्ट वास सोलुसन्सलाई प्राप्त हुन गयो। स्मार्ट वासले त्यसपूर्व सम्पन्न गरेको आठ कार्यक्रममा सरकारी तथा गैरसरकारी सेवामा समर्पित रहेर खानेपानी र सरसफाईको क्षेत्रमा आफ्नो ज्ञान,सीप र अनुभवद्धारा योगदान दिंदै आउनुभएका करिब १ सय ८० जना विज्ञहरुले यी कार्यक्रममार्फत कोरोना भाइरसको संक्रमणसंग जुध्ने उपायका सन्दर्भमा आफ्ना अमूल्य दृष्टिकोण र सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

स्थानीय तहका जनप्रतिनिधि र स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समितिका पदाधिकारी तथा प्रतिनिधिहरुलाई कोरोना भाइरसको संक्रमणबाट बच्न खानेपानी तथा सरसफाई क्षेत्रबाट पुर्याउन सकिने योगदानका बारेमा जानकारी दिन आयोजित दोस्रो चरणको कार्यक्रममा व्यापक सहभागिता रहन गएको थियो ।

प्रदेश अन्तरगतका नगरपालिकाका प्रमुख,उपप्रमुख, नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत, खानेपानी तथा सरसफाई उपभोक्ता समितिका प्रतिनिधिहरु, खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत नीति निर्माता र विशेषज्ञहरु, विश्वविद्यालयका प्राध्यापक र अनुसन्धानकर्ता, जनस्वास्थ्य विद्, सांसद, सञ्चारकर्मी, सरकारी र गैरसरकारी क्षेत्रका सेवा प्रदायक संस्थाका प्रतिनिधिहरुसहित झण्डै ३ सय जनाको सहभागिता रहेको दोस्रो चरणको जुम भिडियो कन्फरेन्स स्थानीय तहमा कोरोना भाइरसको संक्रमण रोकथाम र न्यूनीकरणका लागि अत्यन्त उपयोगी रहन पुग्यो ।

यस पहिले उपेक्षित जस्तो देखिने खानेपानी तथा सरसफाई क्षेत्रमा नेपालका पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय,मध्यपश्चिम विश्वविद्यालय,सुदूरपश्चिम विश्वविद्यालयका प्राध्यापकहरु सहित यस क्षेत्रमा कार्यरत नीति निर्माता र अभ्यासकर्ता र जनताका प्रतिनिधिहरुबीच राम्रो बहसको थालनी भयो । कार्यक्रममा आयोजक संस्था स्मार्टवासका विज्ञद्धय अध्यक्ष रामदीप साह र प्रमुख कार्यकारी अधिकृत हरिप्रसाद शर्माले कोरोना भाइरसको उत्पत्ति देखि विश्व र नेपालमा फैलिएको यसको संक्रमण, कोरोना भाइरसको संक्रमण न्यूनीकरणमा खानेपानी क्षेत्र र हात धुने बानीको महत्व, खानेपानीलाई शुद्ध पार्न क्लोरिन झोल बनाएर मिसाउने तरिकाका बारेमा प्रकाश पार्नुभएको थियो भने त्रिभुवन विश्वविद्यालयकी डा. इन्दिरा पराजुलीले कोरोना भाइरसको संक्रमण तथा यसबाट बच्ने उपायका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरुले आफ्ना क्षेत्रमा कोरोना संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि गरिएका प्रयास र सो क्रममा देखिएका व्यवहारिक समस्याका बारेमा आफ्ना अनुभवहरु

खुलस्त राख्नुभएको थियो । जनप्रतिनिधि र खानेपानी तथा सरसफाई उपभोक्त समितिका पदाधिकारी तथा प्रतिनिधिहरुले खानेपानीको उत्पादन,प्रशोधन र आपूर्तिमा देखिएका समस्याका बारेमा पनि विज्ञहरुका सामु आफ्ना धारणाहरु स्पष्ट राख्नुभएको थियो ।

## ६.सुझाव तथा निष्कर्ष

कोरोना भाइरस(कोभिड-१९) को रोकथाम,नियन्त्रण र उपचारको सन्दर्भमा स्मार्ट वास सोलुसन्स् प्रा.लि.ले खानेपानी तथा ढल निकास विभाग र नेपाल नगरपालिका संघसंगको सहकार्यमा सम्पन्न गरेको खानेपानी तथा सरसफाई क्षेत्रका विज्ञहरु र सरोकारवालाहरुबीचको छलफलबाट अत्यन्त उपयोगी सुझावहरु प्राप्त भएका छन् ।

यी सुझावहरु नेपाल सरकारको उच्च तहबाट कार्यान्वयन भैदिएमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका साथै बर्षाको समयमा आउने पानीजन्य रोगहरुबाट आम नेपालीलाई जोगाउन सकिने भएकोले प्रदेशस्तरका स्थानीय तहबाट प्राप्त सुझावहरु समेत यसैसाथ संलग्न गरी निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

१) नेपाल सरकारले प्राणघातक कोभिड-१९भाइरससंक्रमणको रोकथाम, नियन्त्रण र उपचारको लागि गठन गरेको उच्च स्तरीय समितिमा खानेपानी मन्त्रालय,विभाग र यस क्षेत्रमा कार्यरत विज्ञहरु कसैलाई पनि प्रतिनिधित्व गराइएको नपाइएको हुनाले यस क्षेत्रको यथाशीघ्र प्रतिनिधित्व गराउनको लागि पहल गर्नु हुन हार्दिक अनुरोध गर्दछौ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्यानेटरी / वातावरणीय इन्जिनियर क्षेत्रका जनशक्ति नभएकोले यस क्षेत्रसंग सम्बन्धित समर्पित व्यक्ति जसले विभिन्न WASHसंग सम्बन्धित समस्याहरु साथै फोहोर व्यवस्थापन  र वातावरण सरसफाई बारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय गर्न सजिलो हुन्छ त्यस्तो व्यक्तिलाई मन्त्रालयमा ल्याएर उपयुक्त जिम्मेवारी दिन उचित हुने देखिन्छ ।

२) खानेपानीलाई किटाणुशोधन गरि किटाणुरहित र पिउनयोग्य बनाउनको लागि क्लोरिनेशन सजिलो र धेरै प्रयोग गरिने किटाणुशोधन प्रविधि हो । साथै संक्रमित सतह जस्तै स्वास्थ्य सेवा उपलब्ध भएका संस्थाहरुलाई किटाणुशोधन गर्न पनि क्लोरिनको प्रयोग गरिन्छ । तसर्थ अहिले कोभिड १९ महामारीको परिस्थितिमा क्लोरिनको माग अधिक रहेको छ । क्लोरिनको झोल ब्लिचिड. पाउडरबाट बनाइन्छ । तर हालसम्म नेपालमा ब्लिचिड. पाउडरको उत्पादन हुँदैन् । आयातमा भर पर्नुपरेको छ । यसर्थ सरकारले अबिलम्ब स्वदेशमा नै ब्लिचिड. पाउडरको प्लान्ट खोल्ने घोषणा गर्नुपर्दछ ।

३) आम नागरिकलाई सहज रुपमा पर्याप्त मात्रामा गुणस्तरीय खानेपानी उपलब्ध गराउने कार्यमा संलग्न रहदा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारकार बीचमा केही नगर तथा गाँउपालिकाहरुमा समन्वयको अभाव देखिएको हुनाले यसलाई हटाउन आवश्यक पहल गर्नुपर्दछ ।

४)केही नगरपालिकाहरुमा सञ्चालन हुने खानेपानी, ढल निकास तथा प्रशोधनका योजनाहरुको कागजातहरु संबन्धित जिल्ला वा डिभिजन कार्यालयहरुले हस्तान्तरण नगरेकोले आयोजनाहरुको निर्माण, सुपरीवेक्षण, मर्मतसभारमा असर परेको गुनासो आएकोले स्थानीय तहका आयोजनाहरुसंग सम्बन्धित कागजातको एकप्रति संबन्धित स्थानीय तहका संबन्धित कार्यालयलाई दिने व्यवस्था तुरुन्तै गर्नुपर्दछ् ।

५)विकासोन्मुख मुलुकमा ८० प्रतिशत रोगहरु स्वच्छ खानेपानीको अभावमा देखा पर्दछन भन्ने मान्यता रहदै आएकोले देशभर पर्याप्त मात्रमा स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि संघीय बजेटमा खानेपानी तथा सरसफाई क्षेत्रलाई **प्राथमिकतामा राखेर कार्यक्रम तय भएजस्तै प्रदेश सरकार र स्थानीय सरकारहरुले पनि खानेपानी तथा सरसफाईको क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्र**मा राखेर पर्याप्त बजेट बिनियोजनको व्यवस्था गर्नुपर्दछ ।

६) पर्याप्त गुणस्तरीय स्वच्छ खानेपानी सर्वसुलभ रुपमा उपलब्ध गराउने विषय संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यमा पनि रहेको र स्वच्छ वातावरणको हक नेपालको संविधानको धारा ३० मा व्यवस्था गरिएकोले हरेक घरमा पर्याप्त मात्रामा गुणस्तरीय स्वच्छ खानेपानी आपूर्ति गरी सरसफाई समेत कायम गर्ने अवस्था सिर्जना गर्नु सरकारको परम कर्तव्य हुन आउछ । अत यस संघीय सरकारसहित प्रदेश सरकार र स्थानीय सरकारले पनि देशभर **एक घर एक धारा**को अभियान घोषणा गर्नुपर्दछ ।

७)पानीको गुणस्तर परीक्षणको  लागि सबै स्थानीय तहहरुमा गुणस्तर मापन प्रयोगशालाको स्थापना गरिनु अपरिहार्य देखिएको छ । साथै देशभरिका खानेपानी उपभोक्ता समिति तथा खानेपानी प्रणालीमा गुणस्तर परीक्षण गर्ने र कायम राख्ने सक्षम जनशक्ति व्यवस्था गर्न नयाँ दरबन्दी सिर्जना गरिनुपर्दछ वा भएका जनशक्तिलाई उपयुक्त तालिम प्रदान गर्नुपर्दछ ।

८) हिमाल, पहाड, चुरे र तराईका साथै बीचमा रहेका दून र उपत्यकाहरुमा खानेपानी उपलब्ध गराउने सतहस्रोतहरु, मूलहरु सुक्ने र भूमिगत पानीको सतह घट्दै जाने प्रवृत्ति देखिएकोले आगामी संघीय बजेटमा खानेपानीको मुहान र स्रोत संरक्षण, पानीको पुनर्भरणको लागि पोखरी, तालको निर्माण, बर्षातको पानी रोकावट गरि जमिन भित्र पठाउन र संरक्षणको नीतिगत निर्णय गराई यथोचित बजेट व्यवस्थापन गर्न अबिलम्ब कदम चालिनु पर्दछ ।

९) खानेपानीको अभाव पूर्तिको लागि बर्षातको पानी संकलन,प्रशोधन र उपयोग सर्वोत्तम उपाय मानिएको छ । यसर्थ नेपाल सरकारका सरकारी कार्यालयहरु, सार्वजनिक विद्यालयहरु, विश्वविद्यालय र तिनीहरुसंग आवद्ध कलेजहरु, स्वास्थ्य संस्थाहरु, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका भवन र ब्यारेकहरुमा बर्षातको पानी संकलन,प्रशोधन र उपयोगको व्यवस्था मिलाउने कार्य अनिवार्य गरिनुपर्दछ ।

१०) नगरपालिकाहरुमा पर्यावरणीय सन्तुलन र सौन्दर्यीकरणका साथै पानीको स्रोत संरक्षण गर्न उपयुक्त स्थानमा तलाउ तथा पोखरीहरु निर्माण गरि संरक्षण गरिनु पर्दछ ।

११) नेपालका अधिकांश नगरपालिकाहरुमा ढल सञ्जाल निर्माण र संकलित ढलको प्रशोधनको व्यवस्था नभएकोले नगरको सफाईमा असर गरेको तथा कतिपय अवस्थामा रोग फैलन पुगेको कुरालाई मनन गर्दै नगरपालिकाहरुलाई यो शिर्षकमा पर्याप्त बजेट विनियोजन गरिनुपर्दछ ।

१२) अधिकांश नगरपालिकाहरुमा नगरको फोहरमैला व्यवस्थापन मुख्य समस्याको रुपमा रहदै आएको छ । यसर्थ हरेक नगरमा फोहरमैलाबाट विद्युत उत्पादन गर्ने वा कम्पोष्ट मल उत्पादन गर्ने प्लान्टको स्थापना गर्ने व्यवस्था गरिनुपर्दछ ।

१३) तराईका अधिकांश भागहरुमा सार्वजनिक टयूववेलको पानी प्रयोग गरिदै आएको र कोरोना संक्रमित व्यक्तिले पानी भर्न छोएको हयान्डल अर्को व्यक्तिले छुदाँ कोरोना संक्रमण छिटो सर्ने भएकाले सार्वजनिक टयूववेलहरुमा सानो पम्प जडान गरी १००० वा २००० लिटरको प्लास्टिकको पानी टंकीमा पानी भरि त्यसैमा स्वचालित धारा जडान गरि वितरण गर्ने व्यवस्था मिलाइयोस । यस्ले कोरोना संक्रमण नियन्त्रणमा सहयोग पुऱ्याउँदछ ।

**प्रदेशगत छलफल र सुझावहरु**

**प्रदेशगत रुपमा आएका समस्या र स्थानीय जनप्रतिनिधिहरुले राख्नुभएका सरोकारहरु निम्नानुसार छन् :**

स्मार्ट वास सोलुसन्सले खानेपानी तथा ढल निकास विभाग र नेपाल नगरपालिका संघको सहयोगमा नेपालका सातै प्रदेशका स्थानीय सरकारहरुसंग कोभिड-१९ भाइरसको संक्रमण न्यूनीकरणमा खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको भूमिका सम्बन्धमा जुमको माध्यमबाट भिडियो कन्फरेन्स आयोजना गरेको थियो । कोभिड-१९ भाइरसको संक्रमण न्यूनीकरणका लागि खानेपानी क्षेत्रबाट गर्नुपर्ने कार्यका बारेमा आवश्यक जानकारी दिने र प्रदेशमा पर्याप्त मात्रामा गुणस्तरीय पानी आपूर्ति गरी कोरोना भाइरसको घातक संक्रमणबाट आम नागरिकलाई बचाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत विज्ञहरु र सम्बन्धित प्रदेशका स्थानीय सरकारका प्रतिनिधि, सांसद, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरु,सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । सातै प्रदेशका अन्तरक्रिया कार्यक्रमहरु अत्यन्त उपयोगी रहेका थिए ।

## क) प्रदेश नं १ का जनप्रतिनिधिसंगको छलफल र सुझाव

स्मार्ट वास सोलुसन्स प्रा.लि.ले गत बैशाख २३ गते खानेपानी तथा ढल निकास विभाग र नेपाल नगरपालिका संघको सहयोगमा प्रदेश नं १ का स्थानीय सरकारहरुसंग कोरोना भाइरसको संक्रमण न्यूनीकरणमा खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको भूमिका सम्बन्धमा जुम भिडियो कन्फरेन्स आयोजना गरेको थियो । खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत विज्ञहरु र प्रदेश नं १ का स्थानीय सरकारका प्रतिनिधि,सांसद, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरु,सञ्चारकर्मीहरुको सहभागिता रहेको सो कार्यक्रम अत्यन्त उपयोगी रहेको थियो ।

कार्यक्रममा स्मार्ट वास सोलुसन्सका अध्यक्ष ई. रामदीप साह र प्रमुख कार्यकारी अधिकृत ई.हरिप्रसाद शर्माले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

पूर्वमन्त्री गणेश साहले सञ्चालन गर्नुभएको सो भिडियो कन्फरेन्समा २४ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधिहरुले निम्नानुसारका विषयहरु उठाउनु भएको थियो :

- निकट भविष्यमा नै नेपालमा मनसुन सुरु हुने भएकोले बर्षाको आरम्भसंगै देशभर पानीजन्य रोगहरु फैलने र त्यसबाट मानिसहरु बिरामी परेर मृत्युसमेत हुन सक्ने जोखिम छ । त्यसैले खानेपानी र सरसफाईको क्षेत्र ज्यादै महत्वपूर्ण छ र स्वच्छ तथा पिउनयोग्य पानीको पहुँच व्यापक बनाई सर्वसुलभ गराउन अत्यावश्यक छ ।
- कोरोना भाइरस रोक्नको लागि किटाणुशोधनको औषधी छर्कनु निरर्थक छ । यसले वातावरण र मानव स्वास्थ्य दुवैलाई हानी गर्दछ ।
- किटाणुशोधन औषधी बनाउने प्रकृया सरल नेपाली भाषामा सबैले बुझ्ने गरी व्याख्या गर्नुपर्दछ । कारोना भाइरसबाट जोगिने उपायहरुको बारेमा र खानेपानी शुद्ध राख्ने बारेमा स्थानीय भाषामा प्रभावकारी सन्देशहरु सार्वजनिक सञ्चारका माध्यमबाट प्रकाशन तथा प्रशारण गर्नुपर्दछ ।
- कर्मचारी तथा सेवा प्रदायक संस्थाको क्षमता अभिबृद्धि गर्न तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता छ,
- हाल स्थापना गरि सञ्चालन गरिएका क्वारेन्टाइनमा मापदण्ड अनुरुप वासका सुविधा अपर्याप्त देखिन्छ ,सुविधा बढाउनुपर्ने टडकारो आवश्यकता छ ,
- कोरोना संक्रमण, हात धुने बानी, खानेपानी,सरसफाई र स्वच्छतासम्बन्धी सचेतता कार्यक्रम स्थानीय भाषामा सञ्चालन गर्नुपर्दछ,
- खानेपानीको सेवा नपुगेको र परम्परागत स्रोतबाट सेवा लिएको स्थानमा पाइपबाट स्वच्छ र पिउनयोग्य पानी पुर्याउने सेवा विस्तार गर्नुपर्ने खाँचो छ,
- खानेपानी शुद्धीकरणको लागि क्लोरिन झोल बताउने ब्लिचिड. पाउडर तथा केमिकलको अभाव भएकोले सहज रुपमा उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ,

- खानेपानी,सरसफाई र स्वच्छताको क्षेत्रमा सुव्यवस्थित ढंगले परिणाममूलक काम गर्न संघ तथा प्रदेश सरकारबाट सहयोग तथा समन्वय गर्नुपर्दछ । अहिलेसम्म त्यसको अभाव महसुस भएको छ ।
- दमकमा खानेपानी उत्पादन र आपूर्ति बढाउने योजना तर्जुमा गरी काम अगाडि बढाउनुपर्ने खाँचो छ ।

**ख) प्रदेश २ का जनप्रतिनिधिसंगको सम्वाद र प्राप्त सुझावहरु**

स्मार्ट वास सोलुसन्स प्रा.लिले खानेपानी तथा ढल व्यवस्थापन विभाग र नेपाल नगरपालिका संघको समन्वयमा यही जेठ ९ गते दिउसो १:३० बजे कोरोना भाइरसको संक्रमण न्यूनीकरणमा खानेपानी तथा सरफाई क्षेत्रको भूमिका विषयक जुम भिडियो कन्फरेसको आयोजना गरेको थियो । करिब ३ घण्टा चलेको सो कन्फरेन्समा स्मार्ट वास सोलुसन्सका अध्यक्ष ई.रामदीप साह र प्रमुख कार्यकारी अधिकृत ई.हरिप्रसाद शर्माले कोरोना भाइरस संक्रमणको महामारी, नेपालको अवस्था,खानेपानी र सरसफाई क्षेत्रले गर्नुपर्ने कामका बारेमा प्रकाश पार्नुभएको थियो भने र अर्थशास्त्री डा. चन्द्रमणि अधिकारीले कोरोना भाइरसको संक्रमणका कारण विश्व अर्थतन्त्र र नेपाली अर्थतन्त्रमा परेको असर, वैदेशिक रोजगारीबाट फर्कने ऊर्जाशील नेपाली युवाशक्तिको सदुपयोग गरी अर्थतन्त्र जोगाउन संघीय र स्थानीय सरकारले गर्नुपर्ने कामका बारेमा प्रकाश पार्नुभएको थियो ।

पूर्वमन्त्री ई.गणेश साहले सञ्चालन गर्नुभएको सो कन्फरेन्समा खानेपानीको क्षेत्रमा कार्यरत विज्ञहरु,नीति निर्माता, सांसद, स्थानीय सरकारका प्रतिनिधि,सञ्चारकर्मी,महिला तथा मानवअधिकार कर्मीहरुसहित ८३ जनाको सहभागिता रहेको थियो । जुम कन्फरेन्समा प्रदेश २ अन्तरगतका स्थानीय निकायका प्रतिनिधिहरुले निम्न विषयहरु उठाउनुभएको थियो :

- कोरोना भाइरसको संक्रमणबाट नागरिकहरुलाई जोगाउनका लागि भरपर्दो मानिएको पीसीआर टेष्टिङ.को दायरा बढाउनुपर्ने,
- भारतमा गएका नेपाली फर्कने क्रम बढेकोले क्वारेन्टाइनको संख्या तथा क्षमता विस्तार गरी वासको सुविधा मापदण्ड अनुसार सुधार गर्न तथा सेवा निरन्तर राख्न ठूलो चुनौति देखिएको छ,
- प्राइभेट अस्पतालबाट १५ हजार लिएर जाँच गर्ने व्यवस्था गरिब जनताको क्रयशक्ति बाहिर पर्ने भएकोले यसमा पुनर्विचार गर्नु आवश्यक छ । सरकारी प्रयासमा नै निशुल्क परीक्षण गर्ने व्यवस्था हुनुपर्दछ ,
- महिला तथा बालबालिकालाई थप सहयोगको व्यवस्था गर्नुपर्दछ,
- दीगो पूर्वाधार विकास गर्नको लागि नगरपालिकाहरको संस्थागत क्षमता अभिबृद्धि गर्न जरुरी छ,
- विदेशबाट फर्कने ऊर्जाशील व्यक्तिलाई उनीहरुका सीप अनुसारको काम तथा कृषिजन्य उत्पादन र उद्योगमा प्रयोग गर्न आगामी बजेटमा कार्यक्रम ल्याइनुपर्दछ,
- खानेपानी, सरसफाई, स्वच्छता र कोभिडको संक्रमणको बारेमा जनचेतनाको समस्या भएकोले स्थानीय भाषामा सचेतना कार्यक्रम अगाडि बढाउन आवश्यक हन्छ,
- यस क्षेत्रमा कार्यरत जनशक्तिको क्षमताबृद्धिको कार्यक्रम ल्याउनु पर्दछ,
- संघीय तथा प्रदेश सरकारबाट आवश्यक सहयोग तथा समन्वयकारी भूमिका बढाउनुपर्ने देखिन्छ,
- खानेपानी शुद्धीकरणमा प्रयोग हुने ब्लिचिङ. पाउडर तथा केमिकलको अभाव छ,

- तराईमा व्यापक रुपमा उपयोग हुने ह्याण्ड पम्प सामुदायिक रुपमा उपयोग हुँदा त्यसबाट कोरोना भाइरस सर्न सक्ने जोखिम छ ।
- लहान नगरपालिकाले कोरोना भाइरसबाट बच्नको लागि पर्याप्त खानेपानी आपूर्ति गरिरहेको छ तरसरसफाईको मामिलामा नगरमा ढल र नालीको पानीको प्रशोधनको समस्या छ। नगरपालिकाले यो समस्याको समाधानको लागि काम गरिरहेको छ ।
- पोखरिया नगरपालिकाले फोहरमैलाको व्यवस्थापन डम्पिड. साइटमा गरेको छ । नगरपालिकाको मुख्य क्षेत्र र बजारहरुमा औषधी छर्किइएको छ । वडा कार्यालय,सरकारी कार्यालय र अन्य क्षेत्रमा साबुन पानीले हात हुने अनिवार्य व्यवस्था मिलाइएको छ । नगरपालिकाले पनि खानेपानी र सरसफाईको दीर्घकालीन समस्या समाधानको लागि  विज्ञहरु तथा प्रदेश र संघीय सरकारको सहयोग खोजिरहेको छ ।
- महागढी नगरपालिकाका विभिन्न ठाँउमा शौचालयको अभाव देखिएको छ । नगरपालिकाले अस्थायी शौचालय निर्माण गरेको छ। दीर्घकालमा नगरपालिकाले समुदाय परिचालन गर्ने  योजना गरेको छ ।
- गोलबजार नगरपालिकाले क्वारेन्टाइनमा पानी,साबुन र शौचालयको उचित प्रबन्ध गरेको छ । नगरपालिकामा मुख्य भागहरुमा औषधी छर्किएको छ । नगरपालिकाको उत्तरी भेगमा पानीको समस्या छ र असुरक्षित पानी पिउन पर्ने अवस्था छ ।
- गढीमाई नगरपालिकाले हरेक वडालाई मापदण्ड अनुसारका अस्थायी क्वारेन्टाइनको व्यवस्था गर्न अनुरोध गरेको छ ।
- कञ्चनरुप नगरपालिकाले नगरमा स्वच्छता र सरसफाईको अवस्था कायम राख्न ओभर हेड खानेपानी ट्यांकी राखेको छ। तर सञ्चालनमा आउन बाँकी छ। आवश्यक क्षेत्रमा सावुन वितरण गरिएको छ ।
- प्रदेश नं २ का अधिकांश नगरपालिकाहरु भारतसंगको सीमावर्ती क्षेत्रमा रहेका र भारतमा अस्थायी रोजगारीमा गएकाहरु फर्कने क्रम बढेकोले तिनीहरुलाई  क्वारेन्टाइनमा राख्न पनि स्थानको अभाव महसुस भैरहेको छ । नगरपालिकालाई स्थानीय जनता, क्वारेन्टाइनमा रहेका व्यक्ति र भारतबाट फर्कने नेपालीहरुको पनि समुचित प्रबन्ध गर्नुपर्ने समस्या थपिएको छ । स्थानीय सरकारहरु अहिले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणमा निकै दवावमा छन्। प्रदेश सरकार र स्थानीय सरकारका बीचमा जिम्मेवारीको बाँडफाँट भए सबै कुराको व्यवस्थापन निकै सहज हुने छ ।
- ओभर ट्यांक जस्ता पूर्वाधार बनाउदा त्यसको दिगोपनमा ध्यान दिन जरुरी छ ।
- महिला र पुरुषका लागि फरक फरक क्वारेन्टाइन बनाउन उपयुक्त हुन्छ ।
- अस्पताल र स्वास्थ्य केन्द्रहरुले गर्भवति र अन्य गम्भीर विरामीसहित थाइराइड, हृदयरोग, मृगौला र स्वासप्रश्वासका दीर्घ रोगीहरुको उपचारलाई तिरस्कार गर्नु हुँदैन् । कारोना भाइरसको संक्रमितको उपचार प्राथमिकतामा परे पनि हरेक बिरामीले स्वास्थ्योपचारको सुविधा पाउनुपर्दछ ।

- प्रदेश २ मा पानीको अभाव छैन तर स्थानीय सरकारले यसको गुणस्तर र यसको भरपर्दो आपूर्तिमा भने ध्यान दिनुपर्दछ ।

## ग) बाग्मती प्रदेशका जनप्रतिनिधिसंगको साक्षात्कार र प्राप्त सुझावहरु

स्मार्ट वास सोलुसन्स प्रा.लि.ले खानेपानी तथा ढल व्यवस्थापन विभाग र नेपाल नगरपालिका संघसंगको समन्वयमा गत बैशाख २९ गते कोरोना भाइरसको संक्रमण न्यूनीकरण र खानेपानी तथा सरसफाई क्षेत्रको भूमिकाका विषयमा वाग्मती प्रदेशका स्थानीय तहका पदाधिकारीहरुसंग जुम भिडियो कन्फरेन्स आयोजना गरेको थियो ।

कारोना भाइरसको संक्रमण न्यूनीकरणका लागि खानेपानी क्षेत्रबाट गर्नुपर्ने कार्यका बारेमा आवश्यक जानकारी दिने र प्रदेशमा पर्याप्त मात्रामा गुणस्तरीय पानी आपूर्ति गरी कोरोना भाइरसको घातक संक्रमणबाट आम नागरिकलाई बचाउने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा स्मार्ट वास सोलुसन्सका अध्यक्ष ई.रामदीप साह र प्रमुख कार्यकारी अधिकृत ई.हरिप्रसाद शर्माले विश्व र नेपालमा कोरोना भाइरसको संक्रमणको अवस्था,कोरोना भाइरसको उपचारमा स्वच्छ खानेपानी र हातधुने बानीको महत्व, खानेपानी शुद्ध राख्न क्लोरिनको झोल हाल्ने विधिका बारेमा प्रकाश पार्नुभएको थियो ।

पूर्वमन्त्री ई. गणेश साहले सञ्चालन गर्नुभएको सो कार्यक्रममा खानेपानी तथा सरसफाईको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत विज्ञहरु, बाग्मती प्रदेशका विभिन्न नगरपालिकाका प्रमुख ,उपप्रमुख तथा कार्यकारी अधिकृतहरु, खानेपानी उपभोक्ता समितिका प्रतिनिधिहरु, खानेपानी तथा सरसफाईको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने शोधकर्ता र सञ्चारकमीहरुसहित ५८ जनाको सहभागिता रहेको थियो । सो कार्यक्रममा सहभागीहरुले निम्न विषयहरु प्रमुख रुपमा उठाउनुभएको थियो :

- उपभोक्ता समितिलाई स्थानीय निकायप्रति जवाफदेही बनाउनु पर्दछ ।
- संघीय तथा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमको दोहोरोपन हटाउन तथा समन्वयको लागि स्थानीय सरकारलाई अनिवार्य रुपमा आयोजना तर्जुमा,निर्माण,सञ्चालन र मर्मत संभारको बारेमा जानकारी दिनुपर्दछ ।
- खानेपानी सञ्चालनको लागि नगरपालिका अन्तरगत स्वायत्त संस्था गठन गर्न उपयुक्त हुन्छ ।
- **एक घर एकधारा**को अवधारणा अगाडि बढाउनु पर्दछ ।
- बर्षाको पानी संकलन , प्रशोधन र उपयोग गर्ने प्रविधिलाई प्रबर्धन गर्नुपर्दछ ।
- स्वास्थ्य संस्था तथा विद्यालयमा खानेपानी,सरसफाई र स्वच्छताको सुविधालाई सुधार गर्नुपर्छ ।
- ब्लिचिङ. पाउडर,केमिकल र पानीटेष्टिङ. किटको अभाव रहेकोले आपूर्तिको व्यवस्था हुनुपर्दछ ।
- संघ, प्रदेश तथा स्थानीय निकायबीच समन्वय सुदृढ गर्नुपर्दछ ।
- पहाडीभागमा खानेपानीको समस्यालाई उचित रुपमा संबोधन गर्नु पर्दछ ।
- नगरभित्र सञ्चालित सबै सेवा प्रदायकलाई नगरभित्र स्वायत्त बोर्ड बनाई एकीकृत गरी सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

- धुलिखेल नगरपालिकामा पानी एप्सको प्रयोग, पानी चौतारी,जमीनमुनि रहेको पानीको स्रोतको अध्ययन, बर्षाको पानी संकलन र मासिक सम्बाद जस्ता सराहनीय कार्य सुरु भएको यस्ता असल अभ्यासहरु अन्य नगरपालिकामा पनि विस्तार गर्ने प्रयास हुनुपर्दछ ।
- स्थानीय सरकारहरुले पानीको व्यवस्थापन गर्न बजेटको अभावको सामना गर्नुपरेको छ । तसर्थ नगरपालिकाका सम्पूर्ण क्षेत्रमा खानेपानीको समस्या समाधानको लागि खानपानी शीर्षकमा पर्याप्त बजेटको बिनियोजन हुनुपर्दछ ।
- राप्ती नगरपालिकाले फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा स्थानीय जनताको विरोधको सामना गर्नुपरेको छ । नगरपालिकाले यस्तो केन्द्र सञ्चालन गर्न सरकारी जग्गाको माग गरी फोहर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न माग गरेको छ ।
- चाँगुनारायण नगरपालिकाले स्थानीय खानेपानी तथा उपभोक्ता समिति र प्रदेश सरकारसंग समन्वयको अभाव भोगिरहेको छ। नगरपालिकाले नगरभित्रका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई  आफू अन्तरगत आउन आह्वान गर्दै सुसमन्वयको प्रयास गरेको छ । यसले आवश्यक परेका वासिन्दालाई साबुन वितरण गरी आवश्यक सार्वजनिक स्थानमा साबुन पानीले हात धुने बन्दोबस्त पनि गरेको छ । कोरोना भाइरसको रोकथाम र नियन्त्रणकोलागि हात धुने बानी, शौचालयको प्रयोग,सरसफाई र व्यक्तिगत सफाईको अनुगमन गर्ने भएको छ ।
- धुलिखेल नगरपालिकाले दीगो विकासको लक्ष्य हासिल गर्न आफ्नो क्षेत्रमा २७ वटा खानेपानी आयोजना सञ्चालन गरेको छ। खानेपानीको स्रोत संरक्षणका लागि पोखरी र कुलाहरुको निर्माण गरेको छ ।
- हेटौडा खानेपानी व्यवस्थापन बोर्डले स्थानीय लायन्स क्लबहरुको समन्वयमा नगरका विभिन्न क्षेत्रमा खानेपानीको भरपर्दो आपूर्ति हुने व्यवस्था मिलाएको छ ।खानेपानीको उत्पादन बढेको छ, चुहावट घटेको छ । न्यायोचित महसुलमा उपभोक्ताहरुले पर्याप्त गुणस्तरीय पानी पाएका छन् । नगरपालिका,जिल्ला र प्रदेशका सम्बन्धित निकायको समन्वयमा परम्परागत पद्धतिबाट भन्दा राम्रोसंग खानेपानीको आपूर्ति गरेको छ । उपभोक्ताको विश्वासको कारण समितिले खानेपानीका थप आयोजना निर्माणको प्रयास थालेको छ ।
- पर्सा खानेपानी उपभोक्ता समितिले ब्लिचिङ. पाउडर आपूर्ति, डिस्टिल वाटर उपकरण,मिटर रिडिङ. मेसिन आदिको अभाव भएको जनाएको छ । यी  समस्याको समाधानको लागि उसले खानेपानी तथा ढल व्यवस्थापन विभागसंग अनुरोध गरेको छ ।
- ब्लिचिङ. पाउडर र खानेपानीकालागि आवश्यक सामानहरुको आपूर्तिको लागि सधैंभरि विभाग गुहार्नुपर्ने अवस्था उपयुक्त देखिदैन । त्यसैले यसका लागि बजार संयन्त्र विकास गर्न आवश्यक छ ।
- स्थानीय तहहरुले बनाएका क्वारेन्टाइनहरु विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड अनुरुपका छैनन् । तसर्थ यस  कार्यमा संलग्न स्थानीय निकायका प्रतिनिधिहरुलाई यसबारे सुसूचित र जानकार बनाउन आवश्यक छ ।

- खानेपानी आपूर्तिको क्षेत्रमा कार्यरत सरोकारवालाहरुका समस्या र गुनासो सुनेर तुरुन्तै त्यसको समाधान दिनका लागि खानेपानी तथा ढल व्यवस्थापन विभागमा हटलाईनको व्यवस्था हुनुपर्दछ ।ताकि हरेक उपभोक्ता समिति तथा खानेपानी आपूर्ति प्रणालीका प्रतिनिधिले ब्लिचिड. पाउडरको उपलब्धता, गुणस्तरको प्रत्याभूति, परीक्षणको सुविधा र पानीको भरपर्दो तथा दीगो आपूर्तिका सम्बन्धमा देखिएका समस्याहरुको तत्काल समाधान पाउन सकून ।
- खानेपानी आपूर्तक निकायहरु महसुल संकलनमा पनि स्मार्ट हुन जरुरी छ । लकडाउनका कारण उपभोक्ता महसुल संकलन केन्द्रमा आउन र सेवा प्रदायक निकायका कर्मचारी उपभोक्ताको घरदैलोमा पुग्न कठिन भएको छ ।
- स्थानीय सरकार अन्तरगत कार्यरत अन्य खानेपानी तथा सरसफाई सेवा प्रदायक र यस क्षेत्रका उपभोक्ता समितिहरुबीच निकटको समन्वय हुन जरुरी छ ।
